वर्ष ८, अंक १२ चैत




# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्



नेपाल प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग

प्रविधिको सहयोगमा वस्तुनिष्ठ अनुसन्धान।
विश्वासिलो अभियोजन: पीडितको सम्मान॥

मासिक ई-बुलेटिन

# विषय सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| विभागीय गतिविधि | १ - १ |
| अपराध तथ्याङ्क | २ - ९ |
| प्रहरी सेवा प्रवाह | १०- १४ |
| खोजतलास तथा समन्वय | १५ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १६ - १८ |
| अपराध समाचार | १९ - २३ |
| उत्कृष्ट अनुसन्धान | २४ |
| सम्पादक मण्डल | २५ |

# विभागीय गतिविधिहरु

## अपराध अनुसन्धान विभाग र नेपाल ल क्याम्पसबीच सम्झौता पत्रमा हस्ताक्षर कार्यक्रम सम्पन्न



***काठमाडौं, २ चैत***

मिति २०८२।१२।०२ गते नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग र नेपाल ल क्याम्पसको बीचमा विश्वविद्यालयमा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुबाट नेपाल प्रहरीले गर्ने अपराध अनुसन्धानमा देखिएका चुनौतीहरु,कमीकमजोरी तथा सुधार गर्नु पर्ने पक्षका विषयहरु Money Laundering Investigation and Challenges in Nepal Study of Law and Practices and Money Laundering Adjudication in Nepal Comparative Study with Judicial Practice in USA and Singapore शिर्षकमा अपराध अनुसन्धान गर्ने सम्बन्धी सम्झौता पत्रमा विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौरज्यू र क्याम्पसको तर्फबाट क्याम्पस प्रमुख डा.श्याम बहादुर कार्की बीच हस्ताक्षर कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकज्यूहरु, प्रहरी नायव महानिरीक्षकज्यूहरु, प्रहरी वरिष्ठ उपरीक्षकज्यू , प्रहरी उपरीक्षकज्यूहरु, प्रहरी निरीक्षकज्यू र ल क्याम्पसका पदाधिकारीहरुको उपस्थिती रहेको थियो ।

## Virtul Meeting सम्पन्न

***काठमाडौं, १७ चैत***

मिति २०८२।१२।१७ गते हालको समसामयिक परिस्थितिमा नेपाल प्रहरीले प्रवाह गर्ने सेवालाई प्रभावकारी , तदारुकता र पारदर्शिक रुपमा सम्पादन गर्ने सन्दर्भमा यस विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशिल सिंह राठौरज्यूबाट काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरी र प्रदेश प्रहरी कार्यालय ७ (सात) सबैमा Virtual Meeting सम्पन्न भयो । उक्त Virtual Meeting मा विभिन्न विषयबस्तुहरु समेटिएको थियो जस्तै विभिन्न नागरिकहरुको उजुरी तथा जाहेरी दरखास्त लिन नमानेको भन्ने गुनासो बढी आउने गरेको र त्यस्ता उजुरी तथा गुनासो सम्बोधन गर्ने व्यवस्था मिलाउने, गुनासो रहित प्रहरी सेवाको लागि नागरीकहरुको समस्या प्रति Quick Response गर्ने जस्ता विभिन्न विषयबस्तुहरु समेटि विभागीय प्रमुखज्यूले निर्देशन दिनु भयो ।

## MS - Office Package Training सम्पन्न




***काठमाडौं, ५ चैत***

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जको तत्वाधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूको प्रमुख आतिथ्यतामा मिति २०८२।१२।०५ गते देखि मिति २०८२।१२।२७ गतेसम्म संचालित MS - Office Package Training सम्पन्न भयो। उक्त तालिममा प्रहरी वरिष्ठ नायव निरीक्षक २, प्रहरी सहायक निरीक्षक ५, प्रहरी बरिष्ठ हवल्दार २, प्रहरी हवल्दार ३, प्रहरी सहायक हवल्दार १५ र प्रहरी जवान ११ गरि जम्मा ३८ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो। MS Office Package Training सफलतापूर्वक सम्पन्न गरेकोमा सहभागीहरुलाई प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूले बधाई व्यक्त गर्नुका साथै प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गर्नु हुदै प्रशिक्षार्थीहरुले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षातालाई आ-आफ्नो कार्यक्षेत्रमा जिम्मेवारीपुर्वक त्रुटीरहित ढंगबाट कार्य सम्पादन गर्न निर्देशन समेत दिनु भयो।


मासिक ई-बुलेटिन

# अपराध तथ्याङ्क


## उपत्यका र प्रदेशगत पछिल्लो ५ आ.व.को कुल मुद्दा दर्ता र फर्छौट संख्या
## (आ.व. ०७८/०७९ देखि आ.व. ०८२/०८३)




## चैत महिनाको काठमाडौं उपत्यका तथा प्रदेशगत मासिक कुल मुद्दा दर्ता तथ्याङ्क





## काठमाडौं उपत्यका र प्रदेशगत त्रैमासिक मुद्दा दर्ता संख्या (माघ - चैत्र)




## चैत महिनाको उपत्यका र प्रदेशको शीर्षकगत मुद्दा दर्ता संख्या





## चैत महिनाको आत्महत्याको उपत्यका तथा प्रदेशगत मासिक तथ्याङ्क




## चैत महिनाको बैंकिङ कसूरको उपत्यका तथा प्रदेशगत मासिक तथ्याङ्क





## चैत महिनाको जघन्य अपराधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता संख्या



## चैत महिनाको गम्भीर अपराधको प्रदेशगत मासिक मुद्दा दर्ता सख्या





## चैत महिनाको सम्पत्ती शुद्धिकरणको उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता सख्या



मासिक ई-बुलेटिन


## २०८२ साल चैत महिनामा घरेलु हिंसा सम्बन्धी विवरण





## २०८२ साल चैत महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ५०४ | ६९ वर्ष १० महिना २४ दिन | ६०३१९६३० |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | ४७४ | २७४ वर्ष ६ महिना १० दिन | २६९६७७१३ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ३७९ | १४१ वर्ष ७ महिना २३ दिन | १७३१५८४६ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ३७८ | ५९ वर्ष ६ महिना ० दिन | २२९५०३१८ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | १५८ | १०७ वर्ष ७ महिना १४ दिन | १९२०२९७४ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | ३०३ | १४७ वर्ष ० महिना २२ दिन | ९८९३०३६ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ५५ | ६२ वर्ष १० महिना ६ दिन | ३२६३५४५ |
| ८. | सुदरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | १३३ | ३५ वर्ष ५ महिना २७ दिन | ८५७४९९७ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, लाजिम्पाट | १२ | १० वर्ष ६ महिना १९ दिन | ३३९७९४३०० |
| **जम्मा** | | **२३९६ जना** | **९०९ वर्ष १ महिना २५ दिन** | **रु. ५०,८२,८२,३६०।-** |


## चैत महिनाको लागू औषधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता संख्या




## चैत महिनाको लागु औषध मुद्दाको अभियुक्त पक्राउ काठमाडौं उपत्यका र प्रदेशगत मासिक तथ्याङ्क




## चैत महिनाको साईबर अपराध काठमाडौं उपत्यका र प्रदेशगत मासिक उजुरी, मुद्दा दर्ता र अभियुक्त पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८२ साल चैत महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८२ साल चैत महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | विवरण | प्रगति | |
|---|---|---|---|
| | | दर्ता | बितरण |
| १. | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/वितरण | १२००८९ | १११६१६ |
| २. | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानिय प्रशासन तथा प्रदेश समन्वय शाखाबाट Security Clearance को लागि प्राप्त | ११ | ११ |
| ३. | अध्यागमन विभाग | ५५४ | ५४२ |
| ४. | नागरिक उड्डयान प्राधिकरण | १७० | १३९ |
| ५. | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | ६१ | ५९ |
| ६. | औंठाछाप प्रमाणिकरण | ३७ | ३७ |
| ७. | अन्य | २ | २ |
| **जम्मा** | | १२०९२४ | ११२४०६ |


## सामुदायिक प्रहरी गतिविधि

२०८२ साल चैत महिनामा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :
(गृह प्रशासन सुधार कार्ययोजना २०७८, बुँदा नं. १२४ कार्यक्रमहरू)




## आसरा सुधार केन्द्र रानीबारी

### २०८२ साल चैत महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





## आसरा सुधार केन्द्र पानवारी , धरान सुनसरी

### २०८२ साल चैत महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या



# आसरा सुधार केन्द्र, फुलवारी धनगढी कैलाली

## २०८२ साल चैत महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





## २०८२ साल चैत महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण


| सि.न. | कार्य विवरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | १३ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | १९ जना |
| ३. | हराएका विदेशी नागरिकहरु | ० |
| ४. | नेपालको विभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको विवरण | ४९,४७८ जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको। | ० जना |

# खोजतलास तथा समन्वय

## २०८२ साल चैत महिनामा हराएका, फेला परेका तथा खोजतलास जारी रहेका बालबालिकाहरुको संख्या




## २०८२ साल चैत महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण संख्या




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

- Digital Forensics Lab बाट २०८२ सालको चैत महिनामा बिभिन्न **१६** वटा मुद्दा शीर्षक (चोरी, किर्ते, ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव बेचबिखन, बिद्युतीय अपराध, जबरजस्ती करणी, कर्तव्य ज्यान, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसूर, अनलाईन ठगी, वेवारीसे लास, भबितव्य ज्यान) अन्तर्गत **९५** वटा मुद्दाको **४१४** वटा सबुदहरु परीक्षण गरिएको ।

## दूरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

- चैत महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी इकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराएको ।




## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट २०८२/१२/०१ गतेदेखि २०८२/१२/३० गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **५४४** केशहरुको **२९८४** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **१२४८** केशहरुको **५८६७** नमूनाहरु परीक्षण गरिएकोमा **५५२४** केशहरुको **२२६९३** नमुनाहरु पेण्डिङ रहेको।
- मिति २०८२/१२/०१ गतेदेखि २०८२/१२/३० गतेसम्म यस प्रयोगशालाबाट (AFIS) मा **२२४३** DATA Entry भएको।
- नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी विधि विज्ञान प्रयोगशाला, धरान, सुनसरीबाट २०८२/१२/०१ गतेदेखि २०८२/१२/३० गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **१७०** केशहरुको **६३८** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **१५५** केशहरुको **६२२** नमूनाहरु परीक्षण गरिएकोमा **५२७** केशहरुको **१९२२** नमुनाहरु पेण्डिङ रहेको।
- नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी विधि विज्ञान प्रयोगशाला, भैरहवा, रुपन्देही (हाल गणेशमानचोक, नेपालगंज, बाँके) बाट २०८२/१२/०१ गतेदेखि २०८२/१२/३० गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **७८** केशहरुको **२२८** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **७८** केशहरुको **२४०** नमूनाहरु परीक्षण गरिएकोमा **१०४** केशहरुको **३१७** नमुनाहरु पेण्डिङ रहेको।
- नेपाल सरकार परराष्ट्र मन्त्रालय अन्तर्गत राहदानी विभाग त्रिपुरेश्वर काठमाण्डौमा यस प्रयोगशाला अन्तर्गत फोरेन्सिक इकाईबाट मिति २०८२/१२/०१ गतेदेखि २०८२/१२/३० गतेसम्म डकुमेन्ट भेरिफाई नागरिक्ता-०४ औंठाछाप -२८, फोटो-१६, हस्तक्षर-०४ समेत गरी जम्मा – ५२ प्राप्त भई प्रमाणिकरण गरिएको।
- विभिन्न सम्मानित अदालतहरुमा मिति २०८२/१२/०१ गतेदेखि मिति २०८२/१२/३० गतेसम्म भौतिक तथा श्रव्य दृष्य मार्फत यस प्रयोगशालाका १० जना विशेषज्ञहरुद्वारा बकपत्र सम्पन्न भएको।
- नेपाल प्रहरी अपराध अनुसन्धान विद्यालय, महाराजगंज, काठमाण्डौलमा मिति २०८२/१२/०८ गतेदेखि संचालन भइरहेको ३५ कार्यदिन अवधिको आवासीय "अपराध अनुसन्धान तालिम (सि.प्र.अ.)" १०१ औं समूहका २४ जना प्रशिक्षार्थीहरुलाई २०८२/१२/३० गते यस प्रयोगशालाको विभिन्न शाखाहरुमा अवलोकन भ्रमण गराईएको ।
- राष्ट्रिय न्यायिक प्रतिष्ठान, मनमैजु, काठमाण्डौबाट पाल्नु भएका २६ जना जिल्ला न्यायाधीशहरुलाई मिति २०८२/१२/२५ गते यस प्रयोगशालाको विभिन्न शाखाहरुमा अवलोकन भ्रमण गराईएको।
- मित्रराष्ट्र India को New, Delhi मा मिति २०८२।१२।२३ गतेदेखि २०८२।१२।२७ गते (तदानुसार सन् 06-10 April, 2026) सम्म संचालन भईरहेको "Gas Chromatograph Mass Spectrometer (GC-MS) Training" मा यस प्रयोगशालाबाट प्र.नि.-०१ र नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी विधि विज्ञान प्रयोगशाला, धरान, सुनसरीबाट प्र.ब.ना.नि. १ उक्त तालिममा सहभागि भएको।

मासिक ई-बुलेटिन

## केनाईन (Canine) महाशाखा, महाराजगञ्ज

### २०८२ साल चैत महिनामा केनाईन परिचालित संख्या



# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### डाँका र ज्यान मार्ने उद्योग मुद्दाका फरार प्रतिवादी पक्राउ

***काठमाडौं, १० चैत***

डाँका र ज्यान मार्ने उद्योग मुद्दाका फरार प्रतिवादी गोकर्णेश्वर नगरपालिका-८ बौद्ध बेशीगाउँ बस्ने दोलखा शैलुङ गाउँपालिका-४ घर भएका ४० वर्षीय खिल बहादुर तामाङलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला अदालत दोलखाको २०७४ पुस ४ गतेको फैसलाले उक्त मुद्दामा १० वर्ष कैद र पीडित राहत कोषमा १ लाख १ सय ८९ रूपैयाँ क्षतिपूर्ति भराउने सजाय ठहर भई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले गोकर्णेश्वर नगरपालिका-८ बौद्ध बेशीगाउँबाट पक्राउ गरेको हो। उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौं पेश गरिएको छ। श्रीमतीको हत्या गरेको अभियोगमा पक्राउ

### हत्या गरेको अभियोगमा पक्राउ

***महोत्तरी, ११ चैत***

आफ्नो श्रीमती ३७ वर्षीया अनिता देवी सदाको हत्या गरेको अभियोगमा भंगाहा नगरपालिका-९ हरिहरपुर बस्ने औराही नगरपालिका-२ चेपकट घर भएका ४२ वर्षीय बिरेन्द्र सदालाई प्रहरीले पक्राउ गरेको छ। बिरेन्द्रले अनिताको हत्या गरेको भन्ने खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी पोष्ट कञ्चनबनबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्यामा संलग्न रहेको अभियोगमा दुई जना पक्राउ

***ललितपुर, २६ चैत***

महालक्ष्मी नगरपालिका-१ इमाडोल बस्ने झापा कमल गाउँपालिका-६ घर भएका ३३ वर्षीय सुमित नेम्वाङ र उनकै भाइ २५ वर्षीय सृजन नेम्वाङको हत्या भएको घटनामा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा ललितपुर महानगरपालिका-९ भोलढोका बस्ने ३२ वर्षीय संजिव नेपाली र सोही महानगरपालिका-८ सुबहाल बस्ने नवलपरासी पूर्व घर भएका २१ वर्षीय गगन सुनार रहेका छन्। ललितपुर महानगरपालिका-१२ कृष्ण मन्दिरस्थितमा बुधबार बेलुकी दुई पक्ष बीच विवाद हुँदा चक्कु प्रहारबाट घाइते भएका सुमित र सृजनको बिएण्डबि अस्पतालमा उपचारको क्रममा मृत्यु भएको थियो। जिल्ला प्रहरी परिसर ललितपुर समेतबाट खटिएको प्रहरीले घटनामा संलग्न संजिव र गगनलाई पक्राउ गरेको हो। साथै प्रहरीले उनीहरूको साथबाट घटनामा प्रयोग भएको १ थान चक्कु समेत बरामद गरेको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्यामा संलग्न रहेको अभियोगमा चार जना पक्राउ

***पर्सा, ३० चैत***

कालिकामाई गाउँपालिका-१ मुडली घर भएका २८ वर्षीय बिकाश कुमार चौरसियाको हत्या भएको घटनामा संलग्न रहेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा वीरगंज महानगरपालिका-११ डेरा गरी बस्ने रौतहट माधवनारायण नगरपालिका-१ घर भएका २६ वर्षीय संतोष साह ,२४ वर्षीया सोनी कुमारी ,बारा महागढीमाई नगरपालिका-७ बेनौली बस्ने १९ वर्षीय बिशाल साह र भारत उत्तर प्रदेश थाना अलीगढ बस्ने २१ वर्षीय ओमबीर प्रजापति रहेका छन्। वीरगंज महानगरपालिका-११ रानीघाटस्थित घरमा बिकाश कुमारलाई फलामको छड तथा फलामको धारिलो गल प्रहार गर्दा गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय र वडा प्रहरी कार्यालय श्रीपुर समेतबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो। गम्भीर घाइते भएका बिकाशको नारायणी अस्पताल वीरगंजमा उपचारको क्रममा मृत्यु भएको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### ठगीमा संलग्न रहेको अभियोगमा ७ जना पक्राउ

***काठमाडौं, ६ चैत***

ठगीमा संलग्न रहेको अभियोगमा ७ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा भक्तपुर मध्यपुर थिमी नगरपालिका-२ गठ्ठाघर बस्ने सप्तरी कञ्चनरूप नगरपालिका-१२ घर भएका २६ वर्षीय बिबेक रेग्मी, ललितपुर महालक्ष्मी नगरपालिका-२ बालकुमारी बस्ने भारत तेलंगाना हैदरावाद बोरण्डा थाना घर भएका ३९ वर्षीय हुसेन सैयद, ४४ वर्षीय साजिद ओमर सैयद, भारत तेलंगाना हैदरावाद चारमिनार थाना घर भएका ३४ वर्षीय महम्मद ईमरान, ३३ वर्षीय मिर खालिद हुसेन, ४० वर्षीय रजाक महम्मद र भारत तेलंगाना हैदरावाद कुकडपल्ली थाना घर भएका ४२ वर्षीय समादा गिरी रहेका छन्।

काठमाडौं महानगरपालिका-१० थापागाउँ लाखेचौर मार्गस्थित सिर्तेल होलिडेज प्रा.लि नामको ट्राभल एजेन्सीबाट सर्वसाधारण व्यक्तिहरुलाई युरोप, एसिया, अफ्रिका लगायत १ सय ७५ देशहरूमा भ्रमणमा जानको लागि विभिन्न नम्बरबाट फोन गरी ट्राभल लोटरी परेको छ भनि झुक्यानमा पारी अत्यन्त सस्तो दरमा भ्रमण गराउने भनि विश्वास दिलाई पीडितहरूबाट रकम लिई भ्रमण नगराई रकम समेत फिर्ता नगरी ठगी गरेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई सोही कार्यालयबाट पक्राउ गरेको हो। प्रारम्भिक अनुसन्धानको क्रममा उनीहरूले हालसम्म ३ सय २८ जना पीडितहरूबाट २ करोड ७२ लाख ६५ हजार ५ सय ७४ रूपैयाँ ठगी गरेको खुल्न आएको छ। साथै प्रहरीले उनीहरूको साथबाट नेपाली नगद ७ लाख रूपैयाँ, कम्प्युटर १ थान, ल्यापटप १ थान, ट्याब १ थान, विभिन्न छाप ५ थान, रिसिप्ट प्याड ३ थान, विभिन्न व्यक्तिहरूको नाम, वतन, मोबाइल नम्बर समेतकोको विवरण उल्लेखित कुपनको अर्धकट्टी ५ हजार ७५ थान लगायतका सरसामान बरामद गरेको छ। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

## ६ वर्ष कैद र २२ करोड भन्दा बढी जरिवाना तोकिएको फरार प्रतिवादी पक्राउ

***काठमाडौं, २ चैत***

६ वर्ष कैद र २२ करोड भन्दा बढी जरिवाना तोकिएको फरार प्रतिवादी नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लिमिटेडका तत्कालीन कार्यकारी अध्यक्ष नागार्जुन नगरपालिका-५ सितापाईला बस्ने काठमाडौं महानगरपालिका-२४ वटु घर भएका ६९ वर्षीय योगेन्द्रप्रसाद श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। श्रेष्ठ समेतले नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लिमिटेडसँग सम्बद्ध रही अनियमित एवम् गैरकानुनी तवरले निक्षेपकर्ता एवम् संस्थाको हित विपरीत हुने कार्य गरी बैंकिङ कसूरमा संलग्न रहेको हुँदा सर्वोच्च अदालतको २०८१ भदौ ५ गतेको फैसलाले श्रेष्ठलाई दुई वटा मुद्दामा क्रमश१९ : करोड ४६ लाख १ हजार ६ सय ६२ रूपैयाँ ३९ पैसा जरिवाना ,३ वर्ष कैद र ३ करोड २१ लाख ३९ हजार ६ सय ८१ रूपैयाँ ५१ पैसा जरिवाना तथा ३ वर्ष कैद सजाय ठहर गरेको थियो। केन्द्रीय अनुसन्धान ब्यूरो लाजिम्पाटबाट खटिएको प्रहरीले उनलाई नागार्जुन नगरपालिका-५ सितापाईलाबाट पक्राउ गरेको हो। उनलाई फैसला कार्यान्वयनको लागि काठमाडौं जिल्ला अदालतमा पेश गरिएको छ।

## विभिन्न धनमाल चोरी

***काठमाडौं, ७ चैत***

काठमाडौं महानगरपालिका-५ कालोपुल डेरा गरी बस्ने दाङ घर भएकी ४८ वर्षीया पिमा बुढाथोकीको कोठाबाट सुन चाँदीका विभिन्न गरगहना र नगद तथा सुनसरी घर भएकी २६ वर्षीया आस्था थापाको कोठाबाट चाँदीको सिक्री १ थान समेत गरी करिब ७९ लाख ४२ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## प्रहरी हिरासतमा रहेका मानिसलाई धरौटीमा छुटाइदिने भनि ठगी गर्ने दुई जना पक्राउ

***काठमाडौं, १८ चैत***

प्रहरी हिरासतमा रहेका मानिसलाई धरौटीमा छुटाइदिने भनि रकम ठगी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा बुढानिलकण्ठ नगरपालिका मण्डिखाटारस्थित हलेसी महादेव मार्ग बस्ने ४५ वर्षीय हरि बहादुर थापा मगर र ३७ वर्षीया मिठु मगर भन्ने अनिता थापा मगर रहेका छन्। भाद्र २३ र २४ गतेको प्रदर्शनको क्रममा आपराधिक क्रियाकलापमा संलग्न रही हाल कारागार कार्यालय काठमाडौं सुन्धारामा पुर्पक्षको लागि थुनामा रहेका ३ जना प्रतिवादीहरूलाई सर्वोच्च अदालतमा आफ्नो चिनजानको न्यायाधीशलाई भनसुन गरी धरौटीमा छुटाई दिन्छु, धरौटी बापतको रकम दिनु पर्छ भनी आश्वासन दिई धरौटी बापतको रकम र वकिललाई बहस खर्च भनी ९ लाख रूपैयाँ ठगी गर्ने कार्यमा संलग्न उनीहरूलाई जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले पक्राउ गरको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## सुन तथा चाँदीका गरगहना चोरी

***काठमाडौं, २५ चैत***

टोखा नगरपालिका-३ ढलमल डेरा गरी बस्ने स्याङ्जा अर्जुनचौपारी गाउँपालिका-१ घर भएका ३९ वर्षीय दिपक पौडेलको कोठाबाट सुन तथा चाँदीका विभिन्न गरगहना गरी करिब १४ लाख ५४ हजार ८ सय रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## वैदेशिक रोजगारीमा विभिन्न देश पठाइदिन्छु भन्दै ठगी गर्ने तीन जना पक्राउ

***काठमाडौं, २६ चैत***

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।पक्राउ पर्नेहरूमा ललितपुर, ललितपुर महानगरपालिका-९ बस्ने बझाङ घर भएका २१ वर्षीय नरेन्द्र बहादुर धमेना, ललितपुर, महालक्ष्मी नगरपालिका-४ बस्ने कैलाली घर भएका २७ वर्षीया दर्शना भण्डारी र भक्तपुर मध्यपुर थिमी नगरपालिका-३ बस्ने रौतहट घर भएका ५० वर्षीय राजु प्रसाद कुसवाहा रहेका छन्।पक्राउ मध्ये नरेन्द्रले बुल्गेरिया पठाइदिन्छु भन्दै ३ जना पीडितहरूबाट ४ लाख रूपैयाँ, दर्शनाले ग्रीस पठाइदिन्छु भन्दै १ जना पीडितबाट ६ लाख रूपैयाँ र राजु प्रसादले बेलायत पठाइदिन्छु भन्दै १ जना पीडितबाट ४५ लाख १६ हजार ८ सय ९१ रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले नरेन्द्रलाई काठमाडौं महानगरपालिका-१२ बाट मंगलबार र दर्शनालाई ललितपुर महालक्ष्मी नगरपालिका-४ बाट तथा राजु प्रसादलाई काठमाडौं महानरपालिका-१ बाट बुधबार पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

# यौनजन्य अपराध

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, २ चैत***

संखुवासभा, १० वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा चैनपुर नगरपालिका-३ बस्ने २० वर्षीय दावा शेर्पालाई प्रहरीले पक्राउ गरेको छ। शेर्पाले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय वानाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***कञ्चनपुर, ११ चैत***

११ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बेल्डाँडी गाउँपालिका-५ राधापुर बस्ने २२ वर्षीय सन्तोष रानालाई प्रहरीले पक्राउ गरेको छ। सन्तोषले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय त्रिभुवनबस्तीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***उदयपुर, १५ चैत***

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा चौदण्डीगढी नगरपालिका-७ डाँडावारी बस्ने १९ वर्षीय अनिल विश्वकर्मालाई प्रहरीले पक्राउ गरेको छ। अनिलले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, १६ चैत***

कैलाली, १५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा जानकी गाउँपालिका-७ टिक्लीगढ बस्ने २१ वर्षीय अमन चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। अमनले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय टिकापुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

संखुवासभा ,१२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा चैनपुर नगरपालिका-७ फलाटे बस्ने १९ वर्षीय निसान कार्कीलाई प्रहरीले पक्राउ गरेको छ। निसानले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय चैनपुरबाट खटिएको प्रहरील उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, १६ चैत***

कैलाली, १५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा जानकी गाउँपालिका-७ टिक्लीगढ बस्ने २१ वर्षीय अमन चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। अमनले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय टिकापुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

संखुवासभा ,१२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा चैनपुर नगरपालिका-७ फलाटे बस्ने १९ वर्षीय निसान कार्कीलाई प्रहरीले पक्राउ गरेको छ। निसानले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय चैनपुरबाट खटिएको प्रहरील उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***उदयपुर, २५ चैत***

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा रौतामाई गाउँपालिका-७ धाङ्गले बस्ने २४ वर्षीय बले भन्ने बल बहादुर श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। बल बहादुरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***सल्यान, २९ चैत***

१५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा कुमाख गाउँपालिका-५ झारकाँडा बस्ने ३२ वर्षीय धन बहादुर थापालाई प्रहरीले पक्राउ गरेको छ। धन बहादुरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय रागेचौरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# लागु औषध सम्बन्धी

### करिब १ सय ७१ किलो गाँजा सहित एक जना पक्राउ

***मकवानपुर ,१० चैत***

मनहरी गाउँपालिका-९ खरङगा हरियाली सामुदायिक जंगलको भित्री बाटोबाट अवैध लागूऔषध गाँजा करिब १ सय ७१ किलो २१ ग्राम सहित राक्सिराङ गाउँपालिका-४ सितताक बस्ने २० वर्षीय अक्कल प्रसाद स्याङतानलाई प्रहरीले पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीले भाबरबाट मनहरीतर्फ आउँदै गरेको बा.१३ च २०१४ नम्बरको गाडीलाई जाँच गर्दा २७ वटा प्याकेटमा रहेको उक्त परिमाणको गाँजा फेला पारी चालक अक्कल प्रसादलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## नियन्त्रित लागूऔषध ट्रामाडोल बरामद

***पर्सा, २५ चैत***

वीरगंज महानगरपालिका-१६ बसपार्कबाट नियन्त्रित लागूऔषध ट्रामाडोल ५१ हजार २ सय ट्याब्लेट प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी बसपार्कबाट खटिएको प्रहरीले वेवारिसे अवस्थामा रहेको ४ वटा झोलाबाट रहेको उक्त परिमाणको लागूऔषध फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध गाँजा बरामद

***महोत्तरी, २६ चैत***

जलेश्वर नगरपालिका-८ बजराहीकुट्टीबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ करिब १ सय ९२ किलो ८ सय ग्राम प्रहरीले बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट खटिएको प्रहरीलाई देख्नासाथ बीएसी ६९९४ नम्बरको कारमा सवार २ जना व्यक्तिहरू कार छोडी फरार भएपश्चात उक्त कार जाँच गर्ने क्रममा पछाडी सिटमा २२ वटा पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो। प्रहरीले हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब २ सय ८६ किलो गाँजा सहित दुई जना पक्राउ

***धादिङ, २९ चैत***

गजुरी गाउँपालिका-१ गजुरी बजारस्थित सडकबाट अवैध लागूऔषध गाँजा करिब २ सय ८६ किलो ४ सय ग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा निलकण्ठ नगरपालिका-८ बस्ने २२ वर्षीय अम्मर विक र सिद्धलेक गाउँपालिका-५ बस्ने १९ वर्षीय होम बहादुर विक रहेका छन्। इलाका प्रहरी कार्यालय गजुरीबाट खटिएको प्रहरीले आदमघाटबाट गजुरीतर्फ आउँदै गरेको बा.५ ख ७५३७ नम्बरको गाडी तलासी गर्दा ढालामा त्रिपालले छोपेर राखेको ९ वटा बोराबाट उक्त परिमाणको गाँजा फेला पारी चालक अम्मर र गाडीमा सवार होमलाई पक्राउ गरेको हो।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## नियन्त्रित लागूऔषध ट्रामाडोल बरामद

***सुनसरी, २३ चैत***

बराहक्षेत्र नगरपालिका-५ ठुटे चोकबाट नियन्त्रित लागूऔषध ट्रामाडोल ६ हजार २ सय ट्याब्लेट प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी भरोलबाट खटिएको प्रहरीलाई देख्नासाथ हाल नम्बर नखुलेको मोटरसाइकलमा सवार व्यक्तिले झोला छोडी फरार भएपश्चात झोला तलासी गर्दा उक्त लागूऔषध फेला पारी बरामद गरेको हो। प्रहरीले हाल फरार मोटरसाइकलमा सवार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध सहित १३ जना पक्राउ

***काठमाडौं, ३० चैत***

काठमाडौं, काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट अवैध लागूऔषध खैरो हेरोइन २ सय २४ ग्राम ५ सय ६० मिलिग्राम र अफिम ५२ ग्राम सहित १० जनालाई लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले विभिन्न मितिमा पक्राउ गरेको छ। उक्त ब्यूरोबाट खटिएको प्रहरीले झापा गौरीगंज गाउँपालिका-३ घर भएका २४ वर्षीय सुरज दाहाल, रामेछाप लिखु तामाकोशी गाउँपालिका-६ घर भएका २६ वर्षीय ईश्वर खत्री र काठमाडौं महानगरपालिका-३० घर भएका ४५ वर्षीय अर्विन प्रधानलाई खैरो हेरोइन ३१ ग्राम ८ सय मिलिग्राम सहित पक्राउ गरेको हो। यसैगरी दोलखा शैलुङ गाउँपालिका-२ घर भएका ३६ वर्षीय सुकमान तामाङ, काभ्रे नमोबुद्ध नगरपालिका-२ घर भएका २९ वर्षीय पवन लामा, कास्की घर भएका ४८ वर्षीय रोहित बहादुर राना र पर्सा ठोरी गाउँपालिका-४ घर भएका ३५ वर्षीय विशाल विकलाई खैरो हेरोइन ९८ ग्राम ७ सय ६० मिलिग्राम सहित पक्राउ गरेको हो। यसैगरी उदयपुर कटारी नगरपालिका-६ घर भएका ३७ वर्षीय चेत बहादुर राउत र गोरखा गण्डकी गाउँपालिका-३ घर भएका २८ वर्षीय अजय परियारलाई खैरो हेरोइन १० ग्राम तथा अफिम ५२ ग्राम सहित पक्राउ गरेको हो। यस्तै रौतहट वृन्दावन नगरपालिका-८ घर भएका ४३ वर्षीय सुवोध कुमार सिंहलाई खैरो हेरोइन ८४ ग्राम सहित पक्राउ गरेको हो। पक्राउ परेका मध्ये सुकमान, पवन, चेतबहादुर, अजय र सुवोध कुमारले यसअघि लागूऔषध मुद्दामा कैद भुक्तान गरिसकेको समेत खुल्न आएको छ।

यसैगरी काठमाडौं, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन टनेल गेटबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ करिब २ किलो ९ सय ६० ग्राम सहित भारतीय नागरिक ३७ वर्षीय IMRAN AHAMED लाई प्रहरीले पक्राउ गरेको छ। श्रीलंकन एयरलाइन्सको उडानद्वारा कोलम्बोबाट काठमाडौं आएका उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थाल सुरक्षा कार्यालय र लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले उक्त पदार्थ सहित पक्राउ गरेको हो।

काभ्रे, धुलिखेल नगरपालिका-९ काभ्रेभन्ज्याङबाट अवैध लागूऔषध पोलेन २ सय ८ ग्राम र गाँजा २ सय ६० ग्राम सहित रोशी गाउँपालिका-११ बस्ने ४५ वर्षीय संजिव लामालाई हान प्रहरीले पक्राउ गरेको छ। अस्थायी प्रहरी पोष्ट काभ्रेभन्ज्याङबाट खटिएको प्रहरीले मंगलटारबाट बनेपातर्फ आउँदै गरेको बागमती प्रदेश ०२-००७ प ४३८२ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो।

कैलाली, धनगढी उपमहानगरपालिका-३ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ सय २० मिलिग्राम सहित बैतडी सुर्नया गाउँपालिका-३ बस्ने २३ वर्षीय अबिनाश कुँवरलाई प्रहरीले पक्राउ गरेको छ। अस्थायी प्रहरी पोष्ट चटकपुरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो।यस सम्बन्धमा प्रहरीले आवश्य

# अन्य अपराध

## मानव बेचबिखन तथा ओसारपसार मुद्दाका प्रतिवादी पक्राउ

***काठमाडौं, १९ चैत***

मानव बेचबिखन तथा ओसारपसार मुद्दाका प्रतिवादी अर्घाखाँची शितगंगा नगरपालिका-५ घर भएका ३० वर्षीय शिव बहादुर सारूलाई

प्रहरीले पक्राउ गरेको छ। मानव बेचबिखन अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरीले उनलाई साउदी अरबबाट फ्लाई दुबाइको उडानद्वारा नेपाल फर्कने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयको समन्वयमा पक्राउ गरेको हो । प्रारम्भिक अनुसन्धानको क्रममा शिव बहादुरले ह्वाट्सएपमा फोन तथा म्यासेज गरी पीडितलाई आर्थिक प्रलोभनमा पारी २०८१ असोज महिना देखि विभिन्न माध्यमबाट ग्राहकहरू खोजी ग्राहकहरूले भने वमोजिमको होटल तथा कोठामा पठाई जबरजस्ती वेश्यावृत्तिमा लगाएको खुल्न आएको छ। उनी उपर मानव बेचबिखनतथा ओसारपसार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट ३ दिन म्याद थप अनुमति लिई यस समबन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बाह्य मुलुकतर्फ लैजान लागेको विदेशी मुद्रा सहित तीन जना पक्राउ

***काठमाडौं, ६ चैत***

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय उडान तर्फको प्रस्थान ह्याण्ड ब्यागेज चेकिङ एरियाबाट बाह्य मुलुकतर्फ लैजान लागेको अमेरिकी डलर २८ हजार ९ सय सहित ३ जना पक्राउ परेका छन्। पक्राउ पर्नेहरूमा नागार्जुन नगरपालिका-१ घर भएकी ४५ वर्षीया अनिता लामा, सिन्धुपाल्चोक सुनकोशी गाउँपालिका-६ घर भएकी ३८ वर्षीया संगिता लामा र सिन्धुपाल्चोक लिसंखु पाखर गाउँपालिका-७ घर भएका ४७ वर्षीय बिनोद लामा रहेका छन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयबाट खटिएको प्रहरीले चाइना साउथर्नको उडानद्वारा काठमाडौंबाट चीन जान लागेका उनीहरूलाई जाँच गर्ने क्रममा अनिताको साथबाट १० हजार, संगिताको साथबाट १० हजार र बिनोदको साथबाट ८ हजार ९ सय अमेरिकी डलर फेला परेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि राजश्व अनुसन्धान विभाग हरिहरभवन पुल्चोक ललितपुर पठाइएको छ।

## सामाजिक सञ्जालमा नाबालिकको चरित्र हत्या गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, १० चैत***

सामाजिक सञ्जालमा नाबालिकको चरित्र हत्या गरेको अभियोगमा काठमाडौं बस्ने काभ्रे नमोबुद्ध नगरपालिका-८ दारीमबोट घर भएका २२ वर्षीय अशोक लामालाई प्रहरीले पक्राउ गरेको छ। पीडितको अन्तरङ्ग तस्विर तथा भिडियो टेलिग्राम एकाउन्टबाट प्रसारण भइरहेको भन्ने उजुरीको आधारमा साइबर ब्यूरोबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनलाई पक्राउ गरेको हो। उनी उपर विद्युतीय (इलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ अन्तर्गतको कसुरमा जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अनैतिक क्रियाकलाप तथा अभद्र व्यवहारमा संलग्न २० जना महिलाहरू पक्राउ

***काठमाडौं, ११ चैत***

अनैतिक क्रियाकलाप तथा अभद्र व्यवहारमा संलग्न गरेको अभियोगमा काठमाडौं महानगरपालिका-२६ ठमेल बस्ने युगाण्डा घर भएकी ३४ वर्षीया NAFUNA BRENDA समेत २० जना महिलाहरूलाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौंको ठमेलमा घुम्न आउने स्वदेशी तथा विदेशी पर्यटकहरूलाई केही व्यक्तिहरूले सार्वजनिक स्थानमै अवैध रूपमा पैसामा बार्गेनिङ गरी यौन धन्दा व्यवसाय सञ्चालन गरी बाटो हिँड्ने सर्वसाधारण मानिसहरूलाई समेत दु:ख हैरानी दिने गरेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई काठमाडौं महानगरपालिका-२६ ठमेल फायरचोकबाट पक्राउ गरेको हो। उनीहरू उपर अभद्र व्यवहार गर्न नहुने कसुरमा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट १२ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती वेश्यावृत्तिमा लगाउने कार्यमा संलग्न दुई जना पक्राउ

***काठमाडौं, ११ चैत***

जबरजस्ती वेश्यावृत्तिमा लगाउने कार्यमा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरको छ । पक्राउ पर्नेहरूमा सिन्धुपाल्चोक ईन्द्रावती गाउँपालिका-९ घर भएकी सुकुमाया तामाङ र सोही गाउँपालिका-४ बस्ने ३१ वर्षीय प्रमोद तामाङ रहेका छन् । काठमाडौ मनमैजुस्थित सुकुमायाले संचालन गरेको अशोक खाजाघर र प्रमोदले संचालन गरेको मञ्जुश्री खाजाघरमा पीडितलाई प्रलोभनमा पार्नुका साथै डर त्रास देखाई जबरजस्ती वेश्यावृत्तिमा लगाउने गरेको भन्ने पीडितको उजुरीको आधारमा मानव बेचबिखन अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो। उनी उपर मानव बेचबिखन तथा ओसारपसार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट ७ दिन म्याद थप अनुमति लिई यस समबन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अपराधिक षडयन्त्र तथा अनुचित लेनदेन सम्बन्धी कसुर मुद्दाका फरार प्रतिवादी पक्राउ

***काठमाडौं, २७ चैत***

अपराधिक षडयन्त्र तथा अनुचित लेनदेन सम्बन्धी कसुर मुद्दाका फरार प्रतिवादी काठमाडौं महानगरपालिका-१६ बालाजु बस्ने सिन्धुपाल्चोक घर भएका ५६ वर्षीय गोपाल श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला अदालत रूपन्देहीबाट अनुचित लेनदेन सम्बन्धी कसुर मुद्दामा पक्राउ अनुमति प्राप्त भई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिक-२८ बागबजारबाट पक्राउ गरेको हो। उनलाई थप अनुसन्धान तथा कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय रूपन्देही पठाइएको छ।

## भरूवा बन्दुक बरामद

***सल्यान, २४ चैत***

त्रिवेणी गाउँपालिका-४ फलाबाङबस्थित रानीवन सामुदायिक वनबाट भरूवा बन्दुक ६ थान फेला पारी सोमबार दिउँसो प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय लुहामबाट खटिएको प्रहरीले वेवारिसे अवस्थामा रहेको उक्त बन्दुक फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## भरूवा बन्दुक सहित दुई जना पक्राउ

***उदयपुर, २९ चैत***

वेलका नगरपालिका-६ वाबुङला सामुदायिक वनबाट भरूवा बन्दुक २ थान सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने ४६ वर्षीय मान बहादुर राई र ४५ वर्षीय राम बहादुर तामाङ रहेका छन् । इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलाबाट खटिएको उनीहरूलाई उक्त बन्दुक सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक – कर्तव्य ज्यान

मिति २०८२।११।२८ गते बिहान अं.०९.०० बजेको समयमा म जाहेरवालाको नाबालक छोरा वर्ष ५ को शिवम साह तथा र प्रतिवादीको नाबालक छोरी वर्ष ६ की छोरी बीच एक आपसमा समान्य झै झगडा भईरहेकोमा सो झगडा छुटयाउन मेरो बुवा सत्यानन्द प्रसाद वारदात मिति समयमा घटनास्थलमा पुग्ना साथ प्रतिवादीले मेरो बुवालाई घटनास्थलमा आएको देखि निज प्रतिवादी घटनास्थलमा आई निज बिरामी अवस्थाको बुवालाई अश्लील गाली गलौज गरी हातलातीले निज बुवाको छाती लगायतका शरीरको विभिन्न भागमा कुटपीट गरी उपचारको लागि बिरगंज स्थित नेशनल मेडिकल कलेज शिक्षण अस्पतालमा लैजाँदा बाटोमै मृत्यु भई सकेको भनी डाक्टर द्वारा जानकारी प्राप्त भएको हुँदा यसरी वारदात मिति समयमा घटनास्थलमा बच्चाहरुको विवादको कारण प्रतिवादीले मेरो बुवालाई अश्लील गाली गलौज गरी कुटपीट गरी सोही कुटपीटको कारण घाईते भई उपचार हुन नपाउँदै बुवाको मृत्यु भएको हुँदा प्रतिवादीलाई खोजतलास एवम पक्रउ गरी निज उपर मुलुकी अपराध संहिता, २०७४ को ज्यान सम्बन्धीको कसूरमा कारवाही गरी हदै सम्म सजाय समेत गरी पाउँ भन्ने व्यहोराको जाहेरी प्राप्त भएकोमा उक्त घटना सम्बन्धमा सम्पूर्ण अनुसन्धान कार्य सम्पन्न गरी प्रतिवादी जिल्ला बारा देवताल गा.पा. वडा नं.०५ टोल पिप्राढी बस्ने जोखन राउतको श्रीमती बर्ष ३० को रंजिता देवीलाई सम्मानित बारा जिल्ला अदालतको आदेशले पूर्पक्षको लागि कारागार पठाईएको।

## मुद्दा शीर्षक – मानव बेचबिखन तथा ओसारपसार

हामी जाहेरवालीहरु सांकेतिक नाम आ.व. २०८२/०८३ को जिल्ला ३० साँगा १ (क), सांकेतिक नाम आ.व. २०८२/०८३ को जिल्ला ३० साँगा-१ (ख) २, सांकेतिक नाम आ.व. २०८२/०८३ को जिल्ला ३० साँगा १ (ग) समेतलाई बिगत २ महिना अगाडी देखी उक्त कोकास रेष्टुरेन्ट एण्ड गेष्ट हाउसमा आउने ग्राहकसँग प्रति ग्राहक रु.१,०००।- का दरले जवरजस्ती यौनधन्दामा लगाई पीडितहरुलाई रु.५००।- दिने गरेको हुँदा उक्त रेष्टुरेन्टका संचालक मान बहादुर खड्का र सबिता माझीले हाम्रो ईच्छा विपरित जवरजस्ती बस्न र यौन धन्दा गर्न बाध्य बनाई मेरो शरीर बेच्न बाध्य बनाउने कार्य गरेकोले निज प्रतिवादीहरुलाई पक्राउ गरी "मानब बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ बमोजिम" कारवाही गरी हामी जाहेरवाला पीडितहरुलाई न्यायोचित क्षतिपुर्ती दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको परिवर्तित नाम आ.ब.२०८२/०८२ जिल्ला ३० साँगा-१ (क) समेतको संयुक्त जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित काभ्रेपलाञ्चोकजिल्ला अदालत धुलिखेलको आदेशले प्रतिवादीहरु मध्ये मान बहादुर खड्कालाई पूर्पक्षको लागि थुनामा राख्न कारागार कार्यालय, धुलिखेल पठाईएको र प्रतिवादी सविना माझीलाई रु.१,००,०००।- (एक लाख) धरौटीमा छाडिएको।

## मुद्दा शीर्षक – अपहरण, शरीर बन्धक तथा करणी सम्वन्धी कसूर

मेरो पहाड घर अछाम जिल्लाको साँफेमा र तराईमा समेत जिल्ला कञ्चनपुर भीमदत्त न.पा.वडा नं.३ स्थित ब्रह्मदेव जाने सडक किनारामा रहेकाले दुबै स्थानमा बसोबास गर्दै आएको अवस्थामा पहाडमा रहेको पसलमा पीडितकी आमा सेवाग्राहीहरुको काम गर्दै आएकीले निजको छोरा समेत मेरो महेन्द्रनगर स्थित घरमा बसी पढ्दै आएको र म पहाड गएको बेला पीडितकी आमाले पिडित बालिकालाई तराईमा लगी केही सिलाई कटाई भए पनि सिप सिकाई दिनु होला भनेकी र पीडितको दाजु समेत मैरे घरमा बस्ने भएकाले पीडित बालिकालाई मिति २०८२।११।२३ गते पहाडबाट महेन्द्रनगर लिई आएकोमा वारदात मिति २०८२।११।२७ गते बिहान निज पीडित बालिका हामीलाई केही जानकारी नगराई निस्केर गएकी र खोज तलास गर्दा समेत कही कतै फेला नपरेकी हुदा तत्काल प्रहरीलाई निबेदन दिएको अवस्थामा अन्यायी नरेश गिरी र हिरा नाथले निज पिडित नाबालिकालाई राजमार्ग देखी अटोमा बस, पहाड तिम्रो घर पुऱ्याई दिन्छु, रु.५००/-(पाँच सय) दिन्छु भनी ललाई फकाई आफ्नो अटोमा चढाई झिलमिला ताल जाने बाटोमा पुऱ्याई पीडितको लुगा कपडा फुकाई, हात पछाडी बाँधी, मुख च्यापी निजहरु दुबै जनाले पीडित बालिकालाई जवरजस्ती करणी गरेको हुँदा कानून बमोजिम गरी पाउँ भन्ने समेतको ब्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित कञ्चनपुर जिल्ला अदालतको मिति २०८२।१२।२३ गतेको आदेशले प्रतिवादी हिरा नाथ योगी र नरेश गिरी पूर्पक्षको लागि कारागार चलान भएको।



मासिक ई-बुलेटिन


## सम्पादक मण्डल :

**प्रकाशक**

नेपाल प्रहरी प्रधान कार्यालय,
अपराध अनुसन्धान विभाग, नक्साल

**प्रमुख सल्लाहकार**

प्रहरी अतिरिक्त महानिरीक्षक सुशिल सिंह राठौर

**सल्लाहकार**

प्रहरी वरिष्ठ उपरीक्षक मुकुन्द मरासिनी
प्रहरी उपरीक्षक प्रदिप कुमार सिंह

**सम्पादक**

प्रहरी निरीक्षक निराजन सुनार

**संकलन**

प्रहरी सहायक निरीक्षक दुर्गा लक्ष्मी बस्नेत

**ले-आउट/ग्राफिक्स**

प्रहरी बरिष्ठ हवल्दार कल्पना राई


## सम्पर्कको लागि :


**नेपाल प्रहरी प्रधान कार्यालय,**
**अपराध अनुसन्धान विभाग ,नक्साल काठमाडौं**
**०१-५७१९८६८**

**E-mail: cicu@nepalpolice.gov.np**

**बालबालिका खोजतलास समन्वय केन्द्र : १०४**